# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

मितिः- २०७६/२/७

मिति २०७५।११।२२ गतेको दिन बाँके जिल्ला नेपालगञ्ज उप-महानगरपालिका वडा नं.११ स्थित पासाङ्ग ल्हामु मार्गमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरी टोलीले भारतीय नागरिक रबिस पाठक र बाँके जिल्ला नेपालगञ्ज उप-महानगरपालिका वडा नं.१६ बस्ने बर्ष १२ को छोटु भन्ने नितेश तिवारी समेत सवार भएको UP 32 JT 8244 नम्बरको मोटरसाइकल चेकजाँचका गर्दा निजहरुको सँगसाथबाट नेपाली रुपैया रु.३५,४४,०००।- (पैंतीस लाख चौवालिस हजार) बरामद गरी सो कार्यालयको च.नं. ४५९९ मिति २०७५।११।२३ को पत्रबाट यस विभागमा प्राप्त हुन आएको उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ एवं अनुसन्धान हुँदा प्रतिवादी मध्येका भारतीय नागरिक रभिस तथा रविस पाठक भन्ने रविश चन्द्र पाठकले भारतबाट नेपालतर्फ उक्त रकम ल्याउनको कारण, प्रयोजन एवं स्रोत समेत प्रमाणित गराउन नसकेको तथा उक्त रकम लुकाउने, छिपाउने र बोक्ने कार्यमा नाबालक नितेश तिवारीलाई समेत प्रयोग गरी प्रतिवादीहरु छोटु भन्ने नितेश तिवारी र रविश चन्द्र पाठकले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूची-१ को देहाय (भ) बमोजिमको सम्बद्ध कसूर तथा सोही ऐनको दफा ३(१) को देहाय (क) (ख) र (ग) बमोजिमको निषेधित कार्य गरे गराए उपर सोही ऐनको दफा ३ को उपदफा (१) र (३) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरु रभिस तथा रविस पाठक भन्ने रविश चन्द्र पाठक र प्रतिवादी छोटु भन्ने नितेश तिवारीबाट बरामद भएको रु. ३५,४४,०००।- (पैतिस लाख चवालीस हजार) लाई विगो कायम गरी निजहरुलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन एवं प्रतिवादीहरुबाट बरामद भएको नगद रु. ३५,४४,०००।- (पैतिस लाख चवालीस हजार) र UP 32 JT 8244 नम्बरको मोटरसाइकल सोही ऐनको दफा २८(२) र दफा ३४(१) को देहाय (क) बमोजिम जफत हुन मागदाबी लिई प्रतिवादी छोटु भन्ने नितेश तिवारीको उमेर १३ बर्ष भएको देखिँदा निजलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम हुने सजायमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(२) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(२) बमोजिम हुन समेत मागदाबी लिई र अर्का फरार प्रतिवादी धिरज तिवारीका हकमा विगो रु. ३५,४४,०००।- विगो कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ को दफा ३०(१) बमोजिम सजाय हुन मागदाबी लिई मिति २०७६/२/५ गते सम्मानित विशेष अदालत बबरमहल काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।

२०७६।२।६